म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३११ आइतबार, ८ असार २०८२ ने. सं. ११४५ तछलागा 22 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विभागीय टोली एपिएफ पराजित

हेटौंडा, ७ असार/नेपाल स्पोर्ट सेन्टर (नेकोस) को आयोजनामा हेटौंडामा नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा-४ हुप्रचौरस्थित भलिवल कोर्टमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा पहिलो विभागीय टोली एपिएफ पराजित भएको छ । काठमाडौंको टिपटप न्यू डाइमन्ट टोलीले एपिएफलाई २७-२५, २५-१५ र २५-२२ को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको हो । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले प्रतियोगिताको उद्घाटन गरेकी हुन् ।

असार ११ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, न्यू डायमण्ड यूथ स्पोर्ट्स क्लब, मधेश, गण्डकी र बागमती प्रदेशलगायत ७ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा प्रथमलाई नगद ५ लाख, द्वितीयलाई ३ लाख, तृतीयलाई १ लाख र सान्त्वनालाई ५१ हजार प्रदान गरिने बताइएको छ । यस्तै आइतबार स्केटिङ प्रतियोगिता पनि सुरु हुनेछ । हेटौंडा-५, पुष्पलाल रोडस्थित स्केटिङ पार्कमा प्रतियोगिता सञ्चालन हुनेछ ।

### क्षयरोगमुक्त पालिका घोषणाका लागि कार्ययोजना बनाउने

# थाहानगरको वार्षिक नीति तथा कार्यक्रम पारित

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/थाहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पारित भएको छ ।

नगरपालिकाको १८ औं अधिवेशनबाट नीति तथा कार्यक्रम पारित भएको हो । शनिबार नगर प्रमुख विष्णुबहादुर विष्टले नीति तथा कार्यक्रम नगरसभामा पेश गरेका थिए । नगरपालिकालाई क्षयरोगमुक्त पालिका घोषणाका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिने पालिकाको नीति रहेको छ । क्षयरोगमुक्त घोषणा अभियानका लागि आवश्यक पर्ने जनशक्ति स्थानीय तहले क्रमश: व्यवस्थापन गर्ने नीतिमा उल्लेख गरिएको छ ।

नि:शुल्क आधारभूत स्वास्थ्यसेवामा आमनगरबासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न अत्यावश्यकीय औषधि तथा उपकरणको अभाव हुन नदिने, नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न दीर्घरोगीलाई घरघरमा औषधि पुर्‍याउने तथा स्वास्थ्यपरीक्षणको व्यवस्था गर्ने नगरको नीतिमा समेटिएको छ । नगरपालिकाले कक्षा १ देखि ५ मा कम विद्यार्थी भएका विद्यालयमा मल्टी ग्रेड मल्टी लेभलका कार्यक्रम सञ्चालन गर्ने भएको छ । प्रधानाध्यापकको आवधिक मूल्याङकन गर्ने र प्रधानाध्यापकसँग शिक्षकको करार सम्झौता गरी सिकाई उपलब्धी अभिवृद्धि गर्ने, आर्थिक वर्ष २०८२/८३ देखि आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा नि:शुल्क गर्नको लागि विद्यालयस्तरको आवधिक, वार्षिक परीक्षा सञ्चालन र व्यवस्थापन नगरपालिकाबाट सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्थामा निरन्तरता दिइने उल्लेख गरिएको छ ।

नगरपालिकाले आन्तरिक रोजगारी प्रवर्द्धनको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । सुरक्षित आप्रवासन कार्यक्रम सामी, लघुउद्यम विकास कार्यक्रम, नगरका विभिन्न विषयगत शाखाबाट रोजगारी सिर्जनाको लागि टेवा पुग्ने कार्यक्रम तथा नगरपालिकाभित्र विभिन्न गैरसरकारी संस्थाबाट सञ्चालन गरिने श्रम तथा रोजगारमूलक कार्यक्रमलाई थाहा नगरपालिकाको रोजगार सेवाकेन्द्रको संयोजन र समन्वयमा सञ्चालन गरिने उल्लेख गरिएको छ ।

रोजगार सेवा केन्द्रलाई श्रम तथा रोजगार शाखाको रुपमा विस्तार गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । वैदेशिक रोजगारीमा गएका कामदार र तिनका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने सेवा सुविधाहरुका लागि नगरको रोजगार सेवा केन्द्रबाट हुँदै आएको सहजीकरण सेवालाई निरन्तरता दिने पालिकाको नीति रहेको छ । सांस्कृतिक, प्राकृतिक, चलचित्र र आरोग्यमा आधारित पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने भएको छ । थाहा नगरलाई योग ध्यान पर्यटनक्षेत्रको रुपमा विकास गर्न कार्यक्रम सञ्चालन गर्ने पालिकाको नीति रहेको छ ।




पर्यटकीयक्षेत्रका अधुरा संरचनाको निर्माण सम्पन्न गर्ने, पर्यटन सूचना केन्द्रको स्थापना र नक्सा सहितको प्रचारात्मक बोर्डहरु राख्ने, पर्यटकीय पूर्वाधार निर्माण गर्दा मौलिक र नवप्रवर्तनलाई प्रोत्साहित गर्ने, हरेक होटल एक रैथाने परिकार कार्यक्रमलाई प्रवर्द्धन गर्ने नगरको नीतिमा उल्लेख गरिएको छ । होटल, रिसोर्ट तथा होमस्टे व्यवसायलाई प्रवर्द्धन तथा नियमन गर्ने, पर्यटकीयक्षेत्र तथा पार्कहरुको पर्यटन प्रवर्द्धनका लागि निजीक्षेत्रसँग सहकार्य गर्ने, भैंसे-सीमभञ्ज्याङ केबलकार सञ्चालनको लागि निजीक्षेत्रसँग सहकार्य गर्ने थाहा नगरपालिकाको नीति छ ।

नीति तथा कार्यक्रममा दुहुना गाई भैंसी र बाखा पकेटक्षेत्रको सम्भाव्यता अध्ययन गर्ने उल्लेख गर्दै दुहुना गाई भैंसी पाडापाडी खरिदमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरिएको छ । आगामी २ वर्षभित्र नगरलाई दुधमा आत्मनिर्भर बनाउने नीति नगरपालिकाको छ । मत्स्यपालन प्रवर्द्धनको लागि सार्वजनिक खोला तथा निजी जग्गामा मत्स्यपालन गर्ने कृषकलाई भुरा माछा खरिदका लागि अनुदानको व्यवस्था गर्ने, प्रत्येक वडा कार्यालयमा माइक्रोस्कोपको व्यवस्था गरी गोबर परीक्षणको कार्य सञ्चालनमा ल्याउने, घरपालुवा कुकुर तथा बिरालोलाई नि:शुल्क रेविजविरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिने पालिकाको नीति छ ।

नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा माटोको अम्लियपना र प्राङगरिक पदार्थको मात्रा सुधारका लागि ५० प्रतिशत अनुदानमा कृषिचुन वितरण गर्ने जनाएको छ । तरकारीखेतीको उत्पदान लागत घटाउन र कृषिपेशालाई नाफामुखी बनाउनका लावि मल्चिङ प्लाष्टिकमा ५० प्रतिशत अनुदान वितरण गरिने उल्लेख छ । ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरणमा निरन्तरता दिइने तथा खाद्यसुरक्षालाई ध्यानमा राखी धान र मकैको उत्पादन बढाउन हाइब्रिड धान र मकैको बीउमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

थाहानगरमै रहेको कृषि तथा वनविज्ञान विश्वविद्यालय, मदन भण्डारी विश्वविद्यालय तथा जिल्ला र प्रदेशमा रहेका सरकारी तथा गैरसरकारी संघसंस्थासँगको सहकार्यमा प्रत्येक वडामा माटो परीक्षण शिविर, तरकारीबालीमा लाग्ने रोग कीराको जाँच, विषादि परीक्षण तथा मौसम अनुसारको विज्ञको उपस्थितिमा घुम्तीबालीको उपचार शिविर सञ्चालन गर्ने भएको छ । यसैगरी थाहानगरले अपाङ्गता भएका र एकलमहिलाले सञ्चालन गर्ने व्यवसाय दर्तामा २० प्रतिशत छुट दिने भएको छ ।

महिला, दलित, सीमान्तकृत समुदायबाट सञ्चालित व्यवसाय दर्तामा १० प्रतिशत छुट दिने नीति नगरपालिकाले लिएको छ । नगर पालिकामार्फत् सीप र प्रविधि हस्तान्तरण भई सुरुवात गरिएका लघुउद्यमलाई व्यवसाय दर्तामा सहुलियत प्रदान गर्ने नगरपालिकाको आगामी आर्थिक वर्षको नीति रहेको छ । प्रचलित सहकारी सम्बन्धी कानुनको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीलाई कानुनअनुसार कारवाही गर्ने थाहा नगरले नीति लिएको छ ।




# बागमतीको बजेटमा मुख्यमन्त्री आफैं असन्तुष्ट



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आफ्नै नेतृत्वमा आएको बजेटमाथि असन्तुष्टि व्यक्त गरेका छन् ।

आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमाथि असन्तुष्टि जनाउँदै उनले धेरैतिर छरिएको टिप्पणी गरे । शनिबार काभ्रेको धुलिखेलमा आयोजित एक कार्यक्रममा सम्बोधन गर्ने क्रममा उनले बजेट छरिँदा कतैपनि प्रभावकारी काम हुन नसकेको स्वीकार गरे । मुख्यमन्त्री लामाले १९ हजार योजना भएको र त्यो धेरैतिर छरिँदा कार्यान्वयनमा समस्या हुने बताए ।

'यस्तो बजेट पर्‍यो की यस्तो बजेटमा विकास हुन सक्दैन भनेर भनेको थिएँ, हामीसँग १९ हजार योजना भएपछि यसलाई कसरी कार्यान्वयन गर्ने चिन्ता भयो,' मुखयमन्त्री लामाले भने, 'यति धेरै योजना भयो की, ती योजना कहाँ पुगेर टुंगिन्छ, योजना पनि कता हो कता भयो ।'

आफू अर्थमन्त्री हुँदा धेरै योजना नपुर्‍याउँ भनेर १३ हजारमा झारेको उनले स्मरण गरे । योपटक १२ हजार योजनामा सीमित गरौं भनेको १९ हजार योजना पुगेको उनको भनाइ थियो । 'पहिले नै फोहोर भइसकेका कारण सफा गर्न गह्रो भएको थियो । अहिले जसरी सफा गर्नुपर्थ्यो त्यो सकिएन,' उनले भने । योजनाको प्राथमिकीकरण गर्न नसकेको उनको गुनासो छ । योजनालाई प्राथमिकीकरण गर्न नसकेको, अध्ययन गरेर कहाँ कसरी र कति बजेट राख्ने ? भन्ने हुन नसकेको उनको भनाइ थियो । 'एउटा व्यक्तिले मेरो र म जाने ठाउँमा मात्र बजेट हाल्न केन्द्रित भए वासस्तविक ठाउँमा बजेट परेन,' उनले भने, 'अब जहाँ सडकमा बजेट परेन, ओहोरदोहोर गर्ने पुलमा बजेट परेन त्यस्ता छुटेका ठाउँमा विपद् व्यवस्थापनमार्फत् बजेट राख्नेछौं ।'

छुटेका योजना सबै मिलेर आगामी दिनमा कार्यान्वयन गर्ने उनले बताए । विपद्बाट प्रभावित काभ्रे जिल्लाको निरीक्षणमा आउँदा बजेटबाट धेरै सम्बोधन गर्ने बताएका मुख्यमन्त्रीले नीति तथा कार्यक्रममा विपद् क्षेत्रलाई प्राथमिकता नदिएपछि काभ्रेमा आलोचना भइरहेको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा ५ प्रतिशतले बजेट वृद्धि गरेको छ । आगामी आर्थिक वर्ष २०८२/८३ को लागि ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट विनियोजन गरिएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# असारे विकासको दवाबमा सरकार

जुनसुकै व्यवस्था वा सरकार आएपनि असारमा 'बजेटमारा' नीतिबाट परिवर्तन ल्याउन सकेको देखिएन । असार लागेपछि ह्वारह्वार्ती बजेट खर्च गरेर लक्ष भेट्टाउने परम्परागत अभ्यासबाट जनताले के आशा गर्ने ? बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनामा ५० प्रतिशत भन्दा कम बजेट खर्च गरेको छ । आर्थिक वर्ष सकिन आधा महिनामात्र बाँकी हुँदा प्रदेश सरकारको खर्च ४८ दशमलब ६८ प्रतिशत पुगेको छ । ११ महिना अवधिमा जम्मा ३१ अर्ब ४१ करोड ९५ लाख ९८ हजार रुपैयाँ मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । त्यसैगरी पुँजीगततर्फ ४५ दशमलब ९ प्रतिशत बजेट खर्च भएको छ । पुँजीगततर्फ ३७ अर्ब २४ करोड ९० लाख ५६ हजार रुपैयाँ विनियोजन भएकोमा १७ अर्ब ८ करोड ६८ लाख ९५ हजार खर्च भएको छ । यसैगरी चालुतर्फ भने ५५ दशमलब ५३ प्रतिशत खर्च भएको छ ।

चालुतर्फ विनियोजित २५ अर्ब ७९ करोड १३ लाख ७४ हजार रुपैयाँमध्ये ११ महिना अवधिमा १४ अर्ब ३२ करोड २७ लाख दुई हजार रुपैयाँ खर्च भएको मन्त्रालयले जनाएको छ । वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेकोमा हालसम्मको प्रगति शून्य छ । चालु आर्थिक वर्षको लागि ६४ अर्ब ५४ करोड चार लाख ४१ हजार रुपैयाँ बजेट विनियोजन गरेको प्रदेश सरकारले असारमा मात्रै ३३ अर्ब हाराहारीमा बजेट खर्च गर्नुपर्ने देखिन्छ । योजनाको भौतिक प्रगति भइसकेको तर, भुक्तानी दिन बाँकी रहेकाले सरकारको खर्च कम देखिएको मन्त्रालयले जानकारी दिएपनि यो पुरानै रोग यथावत रहेको छ । कतिपय योजना र कार्यक्रमको काम भइसकेको र भुक्तानीमात्र बाँकी रहेको छ । कतिपय भुक्तानी पाउन बाँकी रहेकाको बिल भर्पाईलगायत कागजात सबै नआएकाले पनि रोकिँदा भुक्तानी रोकिने र खर्च प्रतिशत कम देखिएको छ । असार २५ गतेसम्म भुक्तानीको समय भएकाले यो अवधिमा भुक्तानी हुने प्रगति बढ्ने बताइएको छ । प्रदेशका मन्त्रालयमध्ये सबैभन्दा बढी स्वास्थ्य मन्त्रालय र सबैभन्दा कम कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले बजेट खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले ५३ दशमलब ४८ प्रतिशत अर्थात २ अर्ब २४ करोड ८० लाख रुपैयाँ बजेट खर्च गरेको छ भने कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको ३० दशमलब ९२ प्रतिशत अर्थात ८१ करोड ३४ लाख रुपैयाँ बजेट खर्च भएको छ । यसैगरी सबैभन्दा बढी बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले ११ महिनाको अवधिमा ४७ दशमलब ९७ प्रतिशत अर्थात ११ अर्ब नौ करोड ७० लाख रुपैयाँ मात्र बजेट खर्च गरेको छ । यो मन्त्रालयका लागि २३ अर्ब १३ करोड ३५ लाख ८३ हजार रुपैयाँ विनियोजन गरिएको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ३८ दशलमब २१ प्रतिशत अर्थात् १९ करोड ५३ लाख, आर्थिक मामिला तथा योजना मन्त्रालयले ४८ दशमलब ८४ प्रतिशत अर्थात् १२ करोड ४७ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ४३ दशमलब ९० प्रतिशत अर्थात २३ करोड ७६ लाख, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको ३७ प्रतिशत अर्थात् २७ करोड ३० लाख बजेट खर्च गरेका छन् । यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयको ३३ दशमलब ५७ प्रतिशत अर्थात् ८८ करोड ६५ लाख, वन तथा वातावरण मन्त्रालयको ४५ दशमलब ७१ प्रतिशत अर्थात् १ अर्ब ५५ करोड १३ लाख, युवा तथा खेलकुद मन्त्रालयको ४९ दशमलब ३७ प्रतिशत अर्थात् ४० करोड ३७ लाख, सामाजिक विकास मन्त्रालयको ४८ दशमलब ५१ प्रतिशत अर्थात् १ अर्ब ८९ करोड ५७ लाख र श्रम रोजगार तथा यातायात मन्त्रालयको ३५ दशमलब ५३ प्रतिशत अर्थात् ३३ करोड ६४ लाख रुपैयाँ बजेट खर्च भएको छ । स्थानीय तहलाई हस्तान्तरण गरिएको कुल अनुदानमध्ये ७ खर्ब १३ करोड ९८ लाख रुपैयाँ (८६ प्रतिशत) बजेट खर्च भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ९ गते सोमबार २३ जुन २०२५ । त्रयोदशी, असाढ कृष्णपक्ष । तछ्लागा ११४५ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ । अन्तर्राष्ट्रिय ओलम्पिक दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : लगानीको अवसर जुट्नेछ | तुला | : आम्दानी बढ्नेछ |
| वृष | : यात्रा अघि बढ्न सक्नेछ | वृश्चिक | : पितृधन लाभ हुनेछ |
| मिथुन | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | धनु | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कर्कट | : छिमेकमा असमझदारी बढ्नेछ | मकर | : कृषिमा हानि हुनेछ |
| सिंह | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | कुम्भ | : व्यापारमा फाइदा मिल्नेछ |
| कन्या | : समय उत्साहवर्द्धक छ | मीन | : इनाम हात पर्नेछ |

# इरान र शान्ति हराएको मध्यपूर्व



✍ धर्म गौतम

यतिबेला विश्वको ध्यान फेरि मध्यपूर्वमा केन्द्रित छ । युद्धोन्मत्त इजरायल र इरान एकअर्काका माथि सौतिक सैन्य हमला गरिरहेका छन् र ठूलो जनधनको क्षतिका विवरण पनि आइरहेका छन् । यी दुई भिन्न संस्कार र संस्कृति भएका मुलुकहरूको शस्त्र-उन्मादी हर्कतलाई तत्काल रोक्न सकिएन भने यसमा अरू राष्ट्रहरू पनि यो वा त्यो पक्षमा उभिन पुग्ने र त्यसले ठूलो विनाशकारी युद्धको रूप लिनसक्ने चिन्ता सर्वत्र व्यक्त गर्न थालिएको छ ।

यी हरफ लेख्दै गर्दासम्म इरानी सेनाको चेन-अफ-कमान्ड भत्काउन इजरायलले इरानको राजधानी तेहरान वरपरका सैनिक गढमाथि हमला गरी इरानी सेना प्रमुख, उपप्रमुख, इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) का प्रमुख लगायत वरिष्ठ जनरलहरूका साथै इरानी सर्वोच्च धार्मिक नेता आयातोल्लाह खुमेनीका वरिष्ठ सल्लाहकार समेतको हत्या गरिसकेको समाचारहरूमा आएका छन् । त्यस्तै इरानको केन्द्रीय नताञ्ज परमाणु केन्द्रमा गरिएको इजरायली आक्रमणमा परी आणविक हतियार कार्यक्रममा संलग्न ६ वरिष्ठ वैज्ञानिक सहित आणविक हतियार कार्यक्रमका प्रमुख समेतको मृत्यु भएको बताइएको छ । त्यसैगरी इरानले नयाँ तरिका अपनाएर इजरायली एयर-डिफेन्स सिस्टमलाई भेदन गर्दै इजरायलको प्रमुख शहर तेलअभिव र बन्दरगाह शहर हाइफमा आक्रमण गरेको जनाएको छ । यसबाट ती शहरका केही घरहरू नष्ट हुनुका साथै केही इजरायली नागरिकको मृत्यु भएको छ ।

यता नेपालमा इजरायल-इरान बीचको सशस्त्र द्वन्द्वसँगै चर्चामा छन् विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला । उनी इजरायलको कृषि र सहकारी कार्यक्रमको अध्ययन अवलोकनका लागि इजरायल पुगेका थिए । यसैबीच इजरायल इरानबीच सशस्त्र द्वन्द्व शुरू भयो र त्यहाँका सबै विमानस्थल र वैदेशिक नाका बन्द गरिएपछि उनी त्यतै अड्किएका छन् । उनी इजरायली राजधानी जेरुसेलमभन्दा ३० किमि जति परको सेफाइम नामक एक शहरमा उनी जस्तै अध्ययन भ्रमणमा रहेको फिलिपिनो सांसदहरूको टोलीका साथ बस्दै आएको उनैले जनाएका छन् । परिवारसँग नियमित सम्पर्कमा रहेका कोइरालाले आफू रहेको बङ्करका तस्वीर समेत पठाइरहेका छन् ।

कोइरालालाई नजिकबाट जान्नेहरू उनलाई विन्दास स्वभावका बताउँछन् । भनिन्छ उनी आफ्नो कार्यकक्षमा समेत मानिसहरूसँग अधिकतर अनौपचारिक शैलीमा हाँसोठ्ठा गरिरहेका भेटिन्छन् । उनको यस्तो रसिक स्वाभाव हाल परदेशमा निकै संकटपूर्ण अवस्थामा रहेका बखत पनि यथावत् देखिन्छ । एउटा समाचारमा जनाए अनुसार उनी फिलिपिनो टोलीतिर संकेत गर्दै भन्छन्, "उनीहरू पनि आत्तिएका छैनन्, म पनि धेरै आत्तिएको चाहिं छैन । आत्तिए पनि नडराई आत्तिइरहेको छु !" इरान आणविक हतियार बनाएर इजरायललाई नष्ट गर्न चाहन्छ, यो उसको घोषित लक्ष्य हो । त्यसलाई रोक्न अमेरिकी राष्ट्रपति इरानसँग वार्ता गरिरहेका थिए । तर वार्ता सफल नहुने संकेत देखेपछि इजरायल इरानमाथि जाइलागेको साता दिन हुन लागेको छ । विश्व मामिलाका जानकार केही विश्लेषकहरू इरानमा धार्मिक मुल्लाहरू राज्यको सर्वोच्च पदमा रहने धार्मिक कट्टरपन्थी राजनीतिक व्यवस्थाको अन्त्य भएर आधुनिक राज्य प्रणाली स्थापना नभएसम्म यस क्षेत्रमा युद्धको बादल हमेसा मडारिइरहने बताउँछन् ।

यी विश्लेषकको कुरा सुनेपछि यस पंक्तिकारलाई एउटा पुरानो प्रसङ्ग सम्झनामा आयो जो यस प्रकार छ: पञ्चायती कालको कुरा हो । हामी झापाको चन्द्रगढी कारागारमा थियौं । हामीले कारागारको अग्लो पर्खाल बाहिरको संसारलाई चिहाउने साधन दुई सरकारी दैनिक गोरखापत्र र राइजिङ नेपाल मात्रै थिए । ती पनि कुनै कुनै दिन अनायास नदारत हुन्थे ।

तिनै दुई अखबारले इरानमा सरकारका विरुद्ध आन्दोलन चर्कंदै गएको खबर बोकिल्याए । त्यहाँका शासक थिए मोहम्मद रेजा शाह पहलवी नामका राजा । हामी राजबन्दीलाई जहाँको भए पनि राजाका विरुद्धको आन्दोलन राम्रो लाग्ने नै भयो । आन्दोलन झन-झन् चर्किंदै गइरहेको थियो, हामीलाई थप मज्जा आइरहेको थियो । त्यसले हामीलाई उत्साहित समेत पार्दै थियो । यस्तैमा गोरखापत्रमा छोटो समाचार आयो जसको सार थियो: बीपी कोइरालाले भने- म नेपाललाई इरान हुन दिन्नँ ! त्यहाँ हामी २५-३० राजबन्दी थियौं, आधाउधि कांग्रेस र त्यस्तै झापाली कम्युनिस्ट । उस बेलाका कांग्रेस कम्युनिस्टहरू अहिलेका देउवा र ओली जस्तो मिलेर सत्ताको चास्नीमा सूँड गाड्न पल्केका थिएनन् । कांग्रेसले कम्युनिस्टलाई एकदलीय सर्वसत्तावादी विचारका पक्षधर र कम्युनिस्टले कांग्रेसलाई बुर्जुवा सामन्ती विचारका पक्षधर शक्तिका रूपमा हेर्थे । तथापि अढाइ तीन वर्षको एक साथ जेल बसाइले बोक्रे नै भए पनि एकआपसमा सम्बन्ध सौहार्द बनाएको थियो ।

गोरखापत्रको त्यो समाचार देखाउँदै झापाली साथीहरूले हामीलाई प्रश्न गर्न थाले- के हो, तपाईंहरूको नेता त इरान मामलामा राजाको पक्षमा उभिए नि त ? हामीलाई हाम्रो नेता माथि पूर्ण भरोसा थियो तर गोरखापत्रमा आएको उहाँको त्यो कथन त हाम्रा लागि पनि प्रीतिकर थिएन । हामीले भन्यौं- गोरखापत्रले छापेको सानो समाचारलाई लिएर चर्चा गर्नुको के अर्थ हुन्छ र, तथापि त्यसले पनि बीपी राजाको पक्षमा उभिनुभएको त भन्दैन नि ! त्यहाँ एकातिर आन्दोलनका नाममा भएका तोडफोडका घटनाबाट राष्ट्रिय सम्पत्तिमाथि क्षति पुगिरहेको छ भने अर्कातिर आन्दोलन दबाउन भएका ज्यादतीले धेरै इरानीको ज्यान समेत गइरहेको छ । हो, नेपालमा त्यस्तो हुन दिन्नँ, शान्तिपूर्ण परिवर्तनका लागि प्रयत्न गर्छु भनेको पनि त हुन सक्छ । कांग्रेसतर्फ राष्ट्रिय एकता तथा मेलमिलापको नीति अन्तर्गत भारतबाट फर्केका हामी तीन जना थियौं, अरू साथीहरूलाई नेपालभित्रै विभिन्न ठाउँमा गिरफ्तार गरेर त्यहाँ राखिएको थियो । झापाली साथीहरू हामी प्रवासबाट फिरेकालाई पञ्चायतमा समर्पण गरेर वा भारतको इशारामा नेपाल पसेका भनेर हेर्थे । त्यसमाथि राजाले बीपीलाई उपचार गर्न खर्च समेत दिएर विदेश पठाएपछि त उनीहरूको अनुमानलाई बल पुग्ने नै भयो ।

साँच्चै, बीपीले त्यस्तो के भन्नुभएको त ? मन पोल्न थाल्यो । त्यसका बारेमा थप जानकारी दिन सक्ने सम्भावना भोलिपल्टको गोरखापत्रमा हुनसक्थ्यो । त्यसैले अधैर्यपूर्वक त्यसको प्रतीक्षामा लागियो । मलाई भने राति अबेरसम्म निद्रा पनि आएन । भोलिपल्टको गोरखापत्रमा त्यस्तो केही आएन । गोरखापत्रले भन्दा राइजिङ नेपालले अन्तर्राष्ट्रिय समाचार अलिक विस्तारमा दिने गर्थ्यो । त्यसमा पनि इरानको आन्दोलन चर्किंदै गएको तथ्यका रूपमा ठाउँ-ठाउँमा भएका तोडफोड तथा गोली चलेका घटनाहरू मात्रै थिए । बाँकी दिनहरू सकसमा कटे ।

पछि थाहा भयो इरान कट्टरपन्थी सिया मुस्लिम बाहुल्य देश रहेछ । दोस्रो विश्वयुद्धताका अंग्रेज-रूसी गठबन्धनले इरानमा आक्रमण गरेपछि राजा रेजा शाहलाई गद्दीच्यूत गरी उनका छोरा मोहम्मद रेजा शाह पहलवीलाई राजगद्दीमा राखियो । बेलायती स्वार्थ त्यहाँको तेल भण्डारसँग गाँसिएको थियो ।

रेजा पहलवीको शासनकालमा इरानको संसद्को विश्वास पाएका प्रधानमन्त्री मोहमद मोसादेगले बेलायतीको स्वामित्वमा रहेको तेल कम्पनी राष्ट्रियकरण गरे । त्यसबाट क्रुद्ध भएको बेलायत तथा अमेरिकाको इशारामा इरानी सेनाले सैनिक हस्तक्षेप गरी प्रधानमन्त्री मोसादेगलाई हटाएर राजा रेजा पल्लवीलाई शक्तिशाली बनायो । इरानलाई पहिले पर्सिया भनिन्थ्यो । त्यसलाई महान् सभ्यताको संज्ञा दिएर नयाँ राजा शाह मुलुकलाई औद्योगिकीकरण र सेनाको अधुनिकीकरणका साथै मुलुकमा आर्थिक तथा सामाजिक सुधार गर्नतिर लागे ।

सन् १९६३ मा उनले श्वेत क्रान्तिको नाराका साथ विकास निर्माण र आधुनिकीकरण अभियान चलाए । यस क्रममा उनले केही महत्वपूर्ण उद्योगहरूको राष्ट्रियकरण, जमिनको पुन: वितरण जस्ता कदम चालेर इरानलाई शक्तिसम्पन्न राष्ट्रको रूपमा अघि बढाउने अभियान थाले । स्वास्थ्यको क्षेत्रमा योजनाबद्ध रूपमा सुधार थालियो । उनले चलाएको शिक्षाको अभियान संसारमै नमूनाको रूपमा देखियो । उनका सुधारका कार्यक्रमले प्रतिव्यक्ति आय तथा राष्ट्रिय आयमा ठूलो फड्को मार्‍यो ।

उनले महिला शिक्षा र मतदानको अधिकार सुनिश्चित गरे । सार्वजनिक स्थलमा महिलाले बुर्का लगाउनुपर्ने प्रथाको अन्त्य गरियो । शिक्षित युवाहरूलाई गाउँ-गाउँमा पठाएर शैक्षिक अभियान चलाए । त्यसै गरेर पढेलेखेका युवालाई विदेशमा पठाएर विज्ञान र प्रविधिका विषयको अध्ययन गर्ने अवसर दिएर मुलुकका लागि आवश्यक जनशक्तिको जोहो गर्ने काम थाले ।

तर भौतिक विकासको क्षेत्रमा उल्लेख्य प्रगति गरे पनि जनतामा प्रजातान्त्रिक अधिकार भएन भने मानिस सन्तुष्ट हुन सक्दैनन् । त्यसै गरेर राजा शाहको पश्चिमा शैलीको आधुनिकीकरणतर्फको झुकावलाई लिएर इस्लामी कट्टरतावादीले आफ्नो धर्ममाथि अनादर भएको भन्दै सर्वसाधारण मानिसलाई उचाल्न थाले । राजा पनि विपक्षीको दमनमा लागे । धर्मान्ध मुल्लाहरूले नेतृत्व गरेको आन्दोलनले राजालाई इरान छाड्न बाध्य बनायो । इरान इस्लामिक गणतन्त्रमा परिवर्तित भयो । त्यसयता यिनै मुल्लाको नेतृत्वमा रहेको इरान भित्र शान्ति हराएको छ । यस्तो हुन्छ भनेर आन्दोलनकै थालनीमा बीपीले पूर्वानुमान गरेर भन्नुभएको रहेछ: म नेपाललाई इरान हुन दिन्न !

*(साभार: अनलाइनखबर)*

# तपाईंले खोज्नुभएको शान्ति तपाईंभित्रै छ

✍ प्रेम रावत

तपाईंले खोज्नुभएको चिज तपाईंभित्रै छ । हामी बाहिर त सबैथोक गर्छौं । आफुले आफुलाई सजाउँछौं किनभने बाहिर चिजहरू देखिन्छन् । तर, मूल कुरा के हो भने भित्रका लागि हामी के गरिरहेका छौं ? यथार्थमा बाहिर देखिएका सबै कुरा भित्रबाटै आइरहेका हुन्छन् । यदि मानिसलाई भित्र रिस उठिरहेको छ भने उसलाई मुस्कुराउनका लागि तपाईंले जतिसुकै आग्रह गरे पनि अलिकति मात्रै उसको ध्यान भङ्ग हुनासाथ उसले मुस्कुराउन छोड्नेछ । उसको क्रोध बाहिर देखिनेछ । तथापि, हामी जे जति कार्य गरिरहेका छौं नि, ती कार्यहरू भित्रका लागि नभएर बाहिरका लागि गरिरहेका छौं । हामीले बाहिर जतिसुकै परिश्रम गरे पनि केही हुँदैन । मानौं एउटा कार छ । त्यसमा इन्जिन छैन । टायर पनि छैन । त्यसलाई दिनभरि पालिस गरिरहे पनि के काम भयो र ! त्यसलाई कतै गुडाउन त सकिँदैन ! यो त्यस्तै कुरा हो ।

शान्ति तपाईंभित्रबाट शुरु हुनुपर्छ, बाहिरबाट होइन । मानिसहरू शान्ति भयो भने यस्तो हुन्छ, त्यस्तो हुन्छ भनेर धारणा बनाउँछन् तर त्यसबाट शान्ति हुँदैन । भित्रैबाट शान्ति भएपछि मात्रै शान्ति हुन्छ । एउटा सानो बीउबाट रुखको निर्माण प्रक्रिया शुरु हुन्छ । बीउ सानो हुन्छ तर शुरुवात त्यहीँबाट हुन्छ । यदि दुई शब्द बुझियो भने पनि त्यसमा विचार गर्नका लागि मैले त बीउ रोपिदिएँ । यदि त्यसलाई हेरचाह गर्‍यो भने पक्कै पनि त्यो रुखमा परिणत हुनेछ । मेरो भनाइ के छ भने सुन्नुहोस्, बुझ्नुहोस् अनि त्यसै अनुरूप जीवनमा परिवर्तन ल्याउनुहोस् । तपाईंभित्रको चिजलाई खोज्नुहोस् !

चाहे जुनसुकै धर्मको भए पनि जीवनमा यस्तो शान्ति जुन व्यक्तिगत शान्ति होस् । कतिपय मानिसहरू धर्म मान्दैनन् । यसको अर्थ उनीहरू शान्ति महसुस गर्न सक्दैनन् भन्ने हुँदै होइन । मानिसहरू के ठान्छन् भने, 'यस्तो गर्नुभयो, उस्तो गर्नुभयो भने मात्रै यो सबै कुरा हुनेछ ।' होइन, शान्ति सबैभित्र छ तर हामीले त्यसलाई प्रकट हुने मौका नै दिएका छैनौं । त्यसलाई चिन्ने अवसर प्रदान गरेका छैनौं । यसकारण यो अत्यन्तै आवश्यक कुरा हो !

जे जति पनि युद्धहरू छन्, यस विश्वको आजको अवस्था जे जस्तो छ- कसले यस्तो बनायो ? यो सबै मानिसले नै बनाएको हो । यदि मानिसले यस्तो बनाएको हो भने अनि तपाईंलाई मानिसकै कारणले यस्तो भएको हो भन्ने लागेको छ भने यो एकदमै राम्रो खबर हो ! यसको अर्थ के हो भने, यसलाई बदल्न पनि सकिन्छ । प्रकृतिलाई परिवर्तन गर्न एकदमै गाह्रो छ तर यदि मानिसले यस्तो बनाएको हो भने यसलाई परिवर्तन गर्न सकिन्छ ।

आन्तरिक शान्ति के होइन र केचाहिँ हो ? मानिसको बुझाइमा त उनीहरूका समस्या हल भएमा शान्ति प्राप्त भइहाल्छ भन्ने हुन्छ । कुनै भोकाएको मानिसले 'खाना पाएँ भने मैले शान्ति पाउनेछु' भन्ने ठान्छ । मानौं छिमेकीको कुकुर रातभरि भुकिरहेको छ अनि त्यो कुकुरले भुक्न छोड्यो भने शान्ति पाइनेछ भन्ने लाग्छ । हाम्रो समस्याको हल हुनु भित्री शान्ति होइन, किनभने हाम्रा समस्याहरू त फेरिरहन्छन् । मोबाइल फोनको आविष्कार हुनुभन्दा पहिला त्यसको ब्याट्रीको अवस्थाका बारेमा कसैले सोच्नुपर्ने आवश्यकता पर्थ्यो र ? अहिले मोबाइल आएपछि चार्ज कति छ भन्ने कुरा नै हाम्रो समस्या बनिदिन्छ । मानिसहरू त यी लडाइँहरू रोकिए भने शान्ति हुनेछ भन्ने ठान्छन् तर यो पनि शान्ति होइन ।

यो दुनियाँमा मानिसहरूले यदि आजका बारेमा थाहा पाउन थाले भने उनीहरूका लागि शान्तिको सन्देश प्राप्त गर्न एकदमै सहज हुनेछ । शान्तिलाई निर्माण गरिरहनुपर्दैन । शान्तिको अर्थ मानिसहरूले युद्ध गर्न बन्द गर्नु पनि होइन । शान्ति त तपाईंको फदयमा छ । आज पनि छ र तपाईंले आफुलाई अशान्त महसुस गरिरहनुभएको समयमा पनि त्यो शान्ति तपाईंभित्रै हुन्छ । जब तपाईं आफुलाई हराएको महसुस गर्नुहुन्छ, जब तपाईं आफुलाई एक्लो भएको महसुस गर्नुहुन्छ त्यतिखेर पनि त्यो संसारलाई सञ्चालन गर्ने शक्ति तपाईंभित्र अवस्थित हुन्छ । त्यो शक्ति पहिलादेखि नै रहेको छ ।

तपाईं त्यसलाई बिर्सनुहुन्छ तर उसले तपाईंलाई कहिल्यै बिर्सँदैन । यो श्वासको आवागमन भएसम्म उसले तपाईंलाई बिर्सने छैन । यो समाजलाई सुधार गर्नका लागि मानिसहरूले अनेकन् सूत्र निर्माण गरेका हुन्छन् । यो दुनियाँको विद्यालय पनि अचम्मको विद्यालय हो । यहाँ परीक्षा हुँदैन । यहाँ कसैको पनि प्रगति विवरण छापिँदैन । मानिसहरू एकअर्कालाई साथ दिन लागिपरिरहेका छन् । तथापि, एक दिन कसैले पनि साथ दिनु नपर्ने स्थिति उत्पन्न हुन्छ । त्यो दिन आउनेछ तर त्यो दिन आउनुभन्दा पहिला नै तपाईं आफ्नो जीवनमा त्यो शान्तिको अनुभूति गर्नुहोस् । आज के हो भन्नेबारेमा बुझ्नुहोस् । यसलाई बुझेर आफुले आफुलाई चिन्नुहोस् ।

एउटा कथा छ- दुईवटा कमिलाको । एउटा कमिला मिस्रीको पहाडमा बस्दथ्यो र अर्कोचाहिँ नुनको पहाडमा बस्दथ्यो । एकदिन मिस्रीको पहाडमा बस्ने कमिलाले कतै जाँदै गर्दा नुनको पहाडमा बस्ने कमिलालाई भेट्यो । उसले त्यो नयाँ कमिलालाई देखेर 'तिमी को हौ र कहाँबाट यहाँ आयौ' भनेर सोध्यो । त्यसपछि नुनको पहाडमा बस्ने कमिलाले 'म नुनको पहाडमा बस्ने कमिला हुँ' भन्यो । मिस्रीको पहाडमा बस्ने कमिलालाई मिस्रीको स्वाद मात्र थाहा थियो भने नुनको पहाडमा बस्ने कमिलाले नुनको स्वाद मात्र चाखेको थियो । दुवैजनाले एक आपसमा वार्तालाप गर्न लागे । नुन कमिलाले भन्यो, 'यो मिस्री भनेको कस्तो हुन्छ ?' मिस्री कमिलाले उसलाई भन्यो, 'यो मीठो हुन्छ । यसको स्वाद पनि धेरै राम्रो हुन्छ ।' तर, नुन कमिलाले त्यो कुरा बुझ्दै बुझेन । अनि, मिस्री कमिलाले भन्यो, 'मैले जति नै बखान गरे पनि त्यो तिमीले बुझ्दैनौ । तिमीलाई अब म बस्ने पहाडमा लैजान्छु । तिमीले त्यो मिस्री खाएपछि कति मीठो हुन्छ भनेर आफुले थाहा पाउँछौ ।'

अर्को दिन उसले त्यो मिस्री मीठो हुने कि नहुने हो भन्ने शङ्का गरेर अलिकति नुन लिएर जानेबारेमा सोच्यो । त्यसैले बोक्न सक्ने र मुखमा राख्न सक्ने जति नुन सुटुक्क राखेपछि ऊ मिस्रीवाला कमिलाको बासस्थानतिर लाग्यो । मिस्री कमिलाले त्यो नुन कमिलालाई गुलियो नै गुलियो, मिस्री नै मिस्री भएको ठाउँमा लिएर गएपछि भन्यो, 'खाऊ ! अनि मलाई यसको स्वाद कस्तो लाग्यो भन ।' नुन कमिलाले अलिकति मिस्री मुखमा राखेर भन्यो- 'यसको स्वाद त मकहाँ भएको नुनकै जस्तै छ ! यसमा र त्यसमा केही फरकै छैन ।' मिस्री कमिलाले भन्यो- 'यस्तो त हुन नपर्ने हो । तिम्रो मुख खोलेर देखाऊ त ।'

सले मुख खोलेर देखाउँदा त उसको मुखमा निकै ठूलो नुनको ढिका पो रहेछ । त्यसैले जति मिस्री खाए पनि गुलियो भएकै थिएन उसलाई । नुनिलै भइरहेको थियो ! त्यसपछि मिस्री कमिलाले भन्यो, 'तिमी त्यो नुनको ढिका निकाल र यो मिस्री खाऊ ।' उसले नुनको ढिका फालेर मिस्री चाखेपछि बल्ल उसलाई मीठो कस्तो हुन्छ भनेर अनुभव भयो । अनि उसले भन्यो- 'आहा ! साँच्चै यसको स्वाद त अचम्मको रहेछ !' हाम्रो पनि त्यही कमिलाको जस्तै अवस्था छ । हामीले त्यो परमानन्दको सुखलाई अनुभव नगरेसम्म त्यो परमानन्द, त्यो वास्तविक सुख हामीलाई आवश्यक छ कि छैन भनेर कसरी थाहा हुन्छ !

संसारले त भन्छ- 'हाम्रा पनि केही आवश्यकता छन् ।' अनि, हामी सबै तिनै आवश्यकता पूरा गर्न सधैं केही न केही गरिरहन्छौं । मानिसका जुन निजी आवश्यकता छन्, तिनलाई पूरा गर्न भने ऊ कहिल्यै पनि चिन्तित हुँदैन । समाजले हामीलाई भनिरहेका आवश्यकतालाई पूरा गर्नमा त मानिस निकै चिन्तित हुन्छन् ।

मानिसहरू अन्य थुप्रै आवश्यकतालाई पूरा गर्न तल्लिन हुन्छन् । तर, 'यो मेरो जीवन हो, म जीवित छु, मेरो जीवनमा एक-एक श्वास आइरहेको छ, गइरहेको छ' भनेर कहिल्यै सोच्दैनन् । एकदिन त यस्तो अवस्था पनि आउँछ, म जीवित रहँदिन । मलाई त्यो दिन कहिले आउँछ थाहा छैन तर एकदिन अवश्य आउँछ भन्नेचाहिँ थाहा छ । मेरा सबै इच्छा त कहिल्यै पनि पूरा हुँदैनन् । तर, जबसम्म म जीवित छु, म आफ्नो वास्तविक आवश्यकतालाई त पूरा गर्दै जान सक्छु ! परमानन्दको सुखको अनुभव गर्नु, परम् शान्तिको अनुभव गर्नु नै वास्तविक आवश्यकता हो । यदि सबै चीजको अनुभव गरे पनि त्यो वास्तविक चीजको अनुभव गरेनौं भने यो संसारमा खाली हात आएका थियौं र खाली हात नै जानुपर्नेछ । त्यसैले आफ्नो जीवनमा वास्तविक सुखलाई अपनाउनुहोस् ।

माथिको कथाले हामीलाई दिने सन्देश के हो भने, कुनै दिन हामी आफ्ना लागि आफुले नै सबैभन्दा ठूलो शत्रु बन्दछौं । हामीले आफ्नो एउटा स्वभाव बनाएका छौं- हामी चीजहरूलाई यथार्थमा भए जसरी स्वीकार गर्दैनौं । बरु हरेक चीजलाई आफ्नै दृष्टिकोणद्वारा हेर्दछौं । केही मानिसहरूले मसँग सोध्नुहुन्छ- 'के जीवनमा सबै कुरा भाग्यबाट तय हुँदैन त ? फेरि यसो हो भने र यदि सबै कुरा पूर्वनिर्धारित नै हुन्छ भने मसँग के उपाय रहला ?' यदि तपाईंको भाग्यका तास पहिले नै फिटेर बाँडिसकिएको छ भने त तपाईं निर्णय लिने व्यक्ति त होइन ! म उत्तर दिन्छु, 'होइन ।

यी कुराहरू भाग्यबाट तय हुँदैनन् । हाम्रो आफ्नो भ्रम, हाम्रा आफ्ना द्विविधाहरूले नै हामीलाई गलत विकल्पहरूलाई अपनाउनका लागि बाध्य तुल्याउँछन् । हाम्रो धेरैजसो दु:खको कारण पनि यही हो । तर, जब हामी यी विचार लाई छोडिदिन्छौं- तब हामी ती कुराहरूलाई जस्तो छ त्यही रूपमा देख्न थाल्नेछौं । त्यसपछि हामीसँग सारा विकल्पहरू हुनेछन् ।

यदि हामीले जागृत फदयबाट सोच विचार गरेर कुनै बाटोलाई चुन्छौं भने अँध्यारोमा दियो बालेजस्तै हुन्छ । चाहे एउटा दियो जति नै सानो होओस् तर त्यो बलेपछि त्यसले वास्तविक चीजलाई देखाइदिन्छ । त्यसपछि हामीले देख्न थाल्छौं । हामीले अँध्यारोमा देख्न नपाएका कुरालाई देख्न थाल्छौं । सचेत भएर चुन्ने शक्ति तपाईंमा विकसित हुन्छ । त्यो तपाईंको आफ्नो दियो हो, जसले अँध्यारोलाई भगाउँछ । *(साभार: न्यूज अफ नेपाल)*

# रवि विनाको चितवन: सुनसान सचिवालय, सुस्त पार्टी गतिविधि



चितवन/भरतपुर महानगरपालिका-११ तीनखोले गुम्बाको ठिक अगाडि छ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं चितवन-२ का निलम्बित सांसद रवि लामिछानेको सचिवालय । १७ साउन २०८० मा निकै तामझामका साथ लामिछानेले सुरु गरेको सचिवालय हिजोआज सुनसान देखिन्छ । चितवन-२ का जनताका समस्या सुन्न, समस्या राख्न, सम्पर्क गर्न र केन्द्रसँग विकास निर्माणका कामको समन्वय गर्न भन्दै लामिछानेले सचिवालय खोलेका थिए । तर विभिन्न मुद्दामा कहिले हिरासत त कहिले कारागार गएपछि अहिले उनको कार्यालयको रौनक हराएको छ । किचेनसहित भुईं तलामा ४ कोठा र माथि सानो हल रहेको सचिवालय खोल्ने र बन्द गर्ने काम भने कर्मचारी कुलबहादुर अधिकारीले गर्दै आएका छन् ।

लामिछानेको विशेष अनुरोधमा विदेशबाट बोलाइएका प्रमुख कार्यकारी अधिकृत हेमन्त बरालले समेत कार्यालय छाडेपछि अफिस कोठा यत्तिकै खाली छ । भित्तामा लामिछानेसँग खिचेको बरालको एउटा तस्वीर भने झुन्डिरहेको देखिन्छ । मासिक २५ हजार भाडा बुझाउने गरी खोलिएको सचिवालयमा कसैले केही समस्या वा कुनै विषय ल्याए त्यसलाई केन्द्रीय सदस्य प्रतिभा रावललाई पठाउने गरिएको सचिवालयमा कार्यरत कर्मचारी अधिकारीले बताए ।

उनले भने, 'म कार्यालय कुरेर बसेको छु, माननीयज्यूसँग सम्बन्धित केही विषय आएमा केन्द्रमा पठाउँछु, जिल्लामा खासै केही हुँदैन ।' लामिछानेको काम केन्द्रमा हेर्ने जिम्मेवारी रावललाई तोकिएको छ । कहिलेकाहीँ लामिछानेका स्वकीय सचिव अविनाश आचार्यलाई पनि जानकारी गराउने गरिएको अधिकारीले बताए । सभापति लामिछानेको सचिवालयमा फाट्टफुट्ट केन्द्र तथा जिल्ला नेताहरू आउँछन् । त्यस बाहेक खासै उपस्थिति हुँदैन ।

कुनै समय लामिछानेको सचिवालयमा ७ जनासम्म कर्मचारी थिए । तर अहिले जम्मा एकजनाले धानेका छन् । रास्वपा सभापति लामिछानेले साउन २०८० मा महिलालाई लक्षित गरी सञ्चालन गरेको 'ब्लू बस' चलिरहेको छ । पहिले भाडामा लिएर चलाएको भए पनि अहिले पार्टीले नै बस किनेर नियमित सञ्चालन गरेको लामिछानेको चितवन सचिवालय इन्चार्ज रहेका राजेन्द्र अर्यालले जानकारी दिए । अर्यालले नै बसको चाँजोपाँजो र खर्च जुटाउने गरेका छन् ।

निर्वाचन क्षेत्रका विभिन्न स्थानमा नियमित सञ्चालन गर्ने भनिएको स्वास्थ्य शिविर भने बन्द भएको निकै समय भइसक्यो । कलेज अफ मेडिकल साइन्स भरतपुरको सौजन्यमा गरिएको शिविरसँगै एम्बुलेन्स सेवा पनि बन्द भयो । मंसिर २०७९ को निर्वाचनमा लामिछाने चितवन-२ बाट ४९ हजार ३०० मतसहित पहिलोपटक निर्वाचित भए । उनका प्रतिद्वन्द्वीहरू कांग्रेस-माओवादी गठबन्धनका उमेश श्रेष्ठले १४ हजार ९८८ र नेकपा एमालेका कृष्णभक्त पोखरेलले १४ हजार ६५२ मत ल्याए । तर नागरिक्ता काण्डमा उनको पद गयो । उनले फेरि नेपालको नागरिकता लिए ।

रिक्त भएको चितवन-२ मा १० वैशाख २०८० मा पुन: निर्वाचन भयो । लामिछानेले ५४ हजार १७६ मत पाए । पहिलेको भन्दा झन्डै ५ हजार मत उनको थपियो । त्यसबेला कांग्रेस-माओवादी गठबन्धनका उम्मेदवार जितनारायण श्रेष्ठले ११ हजार २१४ मत र एमाले उम्मेदवार रामप्रसाद न्यौपानेले १० हजार ९३६ मत ल्याए ।

लोकप्रिय मतसहित चितवनबाट सांसद बनेका रास्वपा सभापति लामिछाने सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा कात्तिक २०७१ मा हिरासत र चैत २०८१ मा कारागार चलान भए । कारागार चलान भएपछि उनको निर्वाचन क्षेत्रका जनताले गुनासो, समस्या सुनाउने प्रतिनिधि पाएका छैनन् । विकास निर्माणका काममा लबिइङ गरिदिने उनको प्रतिनिधि भएन । रास्वपाले चितवनलाई आफ्नो केन्द्र तथा भोट बैंकका रूपमा मान्दै आएको छ । उनी जनप्रतिनिधि भएर बेलाबखत चितवन आउँदा पार्टी पनि सक्रिय हुने गर्थ्यो । तर अहिले पार्टी गतिविधि समेत सुस्त बनेका छन् ।

लामिछाने पार्टीका अभियानहरू पनि चितवनबाटै सुरु गर्थे । उनी कारागार हुँदा पार्टी समर्थक तथा कार्यकर्तामा निराशा त छाएको छ नै, मतदाता पनि जनप्रतिनिधिविहीन अवस्थामा छन् । चितवनवासीले रवि लामिछानेलाई पटकपटक साथ दिँदै आएका छन् । सहकर्मी शालिग्राम पुडासैनी मृत्यु प्रकरणसँग जोडिएर लामिछानेलाई आत्महत्या दुरुत्साहनको मुद्दा लाग्दा चितवनवासीले उनको पक्षमा ठूलो प्रदर्शन गरेका थिए । त्यसपछि चितवनप्रति लामिछानेको मोह जागेको हो । चितवनले आफूलाई पटकपटक बचाएको खुद लामेछानेले बताउने गर्छन् ।

सहकारी ठगी मुद्दामा बयानका लागि चितवन ल्याउँदासमेत कार्यकर्ताले प्रदर्शन गरेर प्रहरीसँग झडप गर्न खोजेपछि लामिछानेलाई रातारात कास्की प्रहरीको हिरासतमा पठाइएको थियो । लामिछाने तथा उनको पार्टी रास्वपाले परेको बेला चितवनले आफूलाई जुरुक्क उठाउने गरेको भन्दै आएका छन् ।

**"भएर पनि केही भएन, अभिभावकविहीन जस्तो भयो"**

रवि लामिछानेले जितेको चितवन-२ मा इच्छाकामना गाउँपालिकाका ७ वटै वडा, कालिका नगरपालिकाका ११ वटा वडा र भरतपुर महानगरपालिकाका १, २, ३, ४, ५, ७, १०, ११ र १२ नम्बर वडा पर्छन् । रवि लामिछाने कारागार गएपछिको अवस्थामा यो निर्वाचन क्षेत्रका मतदाताले उनका बारेमा मिश्रित प्रतिक्रिया दिएका छन् । कसैले लामिछाने हुँदा र नहुँदामा खासै फरक नपरेको प्रतिक्रिया दिए भने केहीले क्षेत्र नै अभिभावकविहीन जस्तो भएको बताए ।

भरतपुर महानगर पालिका-११ का मतदाता बलराम बोहोराले लामिछाने नहुँदा पनि निर्वाचन क्षेत्रमा कुनै मर्का नपरेको दाबी गरे । उनले भने, 'थुतुनो मात्रै बजाएर भएन, काम नगर्ने, सबै पार्टी उस्तै हुन् । कुन ठाउँमा कसले के गरेको छ र, यहाँ भएन भन्नु ? वडाबाट नै विकासका काम हुन्छन्, सांसद भए पनि नभए पनि के भो ?' लामिछाने कारागार गएको बारेमा बोहोराले कानुनअनुसार नै ठहर गरेर गएको भन्ने बुझेको बताए । बाइपास सडक नजिकैको एक पाटीमा भेटिएका भरतपुर-११ कै ७३ वर्षीय वीरबहादुर हमालको दृष्टिकोण पनि बोहोराको भन्दा फरक छैन । जनप्रतिनिधि नहुँदा निर्वाचन क्षेत्रमा कस्तो प्रभाव परेको छ भन्ने जिज्ञासामा हमालले भने, 'केही असर परेको छैन । जे गर्छ, नगरपालिका र वडाले गर्छ ।'

कालिका नगरपालिका-९ का हिम्मत पुरीले भने निर्वाचित सांसद नहुँदा निर्वाचन क्षेत्र ५ वर्ष पछाडि पर्ने बताए । उनले सांसद भनेको निर्वाचन क्षेत्रको अभिभावक जस्तो भएको भन्दै जनताले केन्द्र सरकारसँग आफ्ना कुराहरू सुनाउने च्यानल नै टुटेको प्रतिक्रिया दिए । उनले लामिछानेलाई दागरहित भएर आउन शुभकामनासमेत दिए ।

भरतपुर-४ का जोन कँडेलले चितवन-२ का समस्या राखिदिने, सुनाउने मान्छे नभएको बताए । सांसदको भूमिका कानुन निर्माण र स्थानीय विकास निर्माणमा हुनुपर्नेमा दुवै भूमिकामा चितवन२ चुकेको कँडेलको भनाइ छ । उनले सिंहदरबारसँगको चितवन-२ को नेक्सस नै टुटेको बताए ।

लामिछानेबाट उति ठूलो अपेक्षा नगरे पनि जनप्रतिनिधि नै जेलमा हुँदा यहाँका जनताप्रतिको दृष्टिकोण नै फरक हुने बताए । उनले लामिछाने गृहमन्त्री हुँदासमेत जिल्लाको विकासका लागि बजेट ल्याउन नसकेको स्मरण गर्दै उनी हुँदा र नहुँदा त्यति तात्विक फरक भने नहुने बताए ।

**पालिका प्रमुखहरू भन्छन्- ठूला पूर्वाधारमा काम हुन सकेन**

सांसद रवि लामिछाने नहुँदा चितवन-२ का पालिकाहरूलाई ठूला पूर्वाधारहरूमा लबिइङ नपुगेको हो कि भन्ने आभाष भएको छ । इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ आफ्नो क्षेत्रको सांसद नै कारागारमा छन् भन्दा अफ्ठ्यारो महसुस हुने गरेको बताउँछन् । लामिछानेबाट ठूलो अपेक्षा भने केही नगरेको उनको भनाइ छ । लामिछाने नहुँदा पूर्व माननीयहरूलाई लिएर लबिइङ गरेर केन्द्र सरकारबाट बजेट पार्ने काम गरेको गुरुङले बताए ।

गुरुङको जस्तै भनाइ छ, कालिका नगरपालिकाका नगर प्रमुख विनोद रेग्मीको । उनले लामिछाने गृहमन्त्री हुँदासमेत निर्वाचन क्षेत्रमा पूर्वाधार निर्माणमा बजेट पार्न नसकेको बताए । 'उहाँ भएको भए ठूला पूर्वाधारहरू तयार गर्न सहज हुन्थ्यो कि भन्ने हो, तर विगतमा त्यस्तो त देखिएन,' नगर प्रमुख रेग्मीले भने, 'आफ्नो क्षेत्रको सांसदलाई ल यति काम गरिदिनु भन्ने ठाउँ हुन्थ्यो । त्यो भएन, केही न केही रिक्तता महसुस त हुँदो रहेछ । उहाँ पहिला हुँदा पनि खासै समन्वय हामीसँग गर्नुहुन्थेन ।'

**लामिछाने नगरेका काम मैले गरेको छु- कृष्णभक्त पोखरेल**

चितवन-२ बाट २ पटक निर्वाचित बनेका एमाले केन्द्रीय सदस्य कृष्णभक्त पोखरेल तेस्रोपटक लामिछानेसँग चुनाव हारे । पहिलोपटक २०७० सालमा संविधानसभामा निर्वाचित भएका पोखरेल २०७४ मा वाम गठबन्धनका उम्मेदवार बनेर जिते । चितवन-२ का विकट ग्रामीण भेगमा सडक, विद्युतीकरण, स्वास्थ्य चौकी जस्ता पूर्वाधार बनाउन पोखरेलले भूमिका पनि खेले । उनी निर्वाचन हारे पनि हरेक २/२ महिनामा निर्वाचन क्षेत्रका विभिन्न ठाउँमा जनताको बीचमा जाने गरेको बताउँछन् ।

चितवन-२ बाट लामिछानेले जिते पनि जनताप्रतिको आफ्नो कर्तव्य नभुलेको भन्दै पोखरेलले आगामी आर्थिक वर्षका लागि शक्तिखोर-फिस्लिङ सडकको लागि ११ करोड, भोर्ले-दाहाखानी सडकका लागि ३ करोड, गणेशधामदेखि सिमलधापसम्म जाने सडक कालोपत्रे गर्न ६ करोड, बेलचोकमा खानेपानी आयोजनाका लागि १२ करोड रकम पारेको बताए ।

सांसदको काम कानुन बनाउने, सरकार नीति तथा योजनामा निगरानी गर्ने, जनताका आवाजलाई मागलाई केन्द्रीय सत्तासँग जोड्ने भए पनि अहिले चितवन-२ प्रतिनिधि विहीनताको अवस्था आएको उनले बताए । जनताको आफू प्रतिनिधि नभए पनि प्रतिनिधिसरह नै काम गरिरहेको पोखरेलको दाबी छ । लामिछानेलाई कसैले फसाएको नभई उहाँ आफ्नै कारणले कारागार पुगेको पोखरेलको तर्क छ । 'दुई नागरिकता, दुई पासपोर्ट, सहकारीको रकम हिनामिना गर्न अरुले लगाइदिएको त पक्कै हैन होला,' उनले, 'देशको नागरिकता नै त्यागेर हिँड्ने सोचलाई प्रोत्साहन गर्दा त्यसको मार जनतालाई पनि परेको छ ।'

**जनताले रवि नै खोज्छन्, हाम्रा कुरामा चित्त बुझाउँदैनन्- केन्द्रीय सदस्य गौतम**

राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य राजन गौतमले जनताले रवि लामिछाने नै खोज्ने गरेको बताए । 'उहाँ नहुँदा हामीले जनतालाई सम्झाउने प्रयास त गरेका छौं, उहाँको अभाव नहोस् भनेर मिहिनेत पनि गरेका छौं,' केन्द्रीय सदस्य गौतम भन्छन्, 'तर जनताले चित्त बुझाएको देखिँदैन, रवि नै खोज्छन् ।'उनले सभापति नै कारागारमा हुँदा पार्टीलाई परेको क्षति वा असर स्वाभाविक भए पनि जनतालाई समेत त्यसले मार परेको बताए । आगामी आर्थिक वर्षको बजेटमा चितवन नै छुटेको भन्दै केन्द्रसम्म आवाज उठाउने क्षमतावान मानिसको अभाव भएको गौतमले बताए ।

लामिछाने माथि भएको प्रतिशोधपूर्ण राजनीति अन्त्य हुनुपर्ने कामना सबैले गरेको उनको भनाइ छ । चितवनको भूगोल र देशले नै लामिछानेलाई खोजेको उनको धारणा छ । सभापतिको अभावमा उपसभापतिद्वय डीपी अर्याल र स्वर्णिम वाग्ले बेलाबखतमा चितवन आउने र नेता/कार्यकर्ता तथा जनतासँग भेटघाट गर्ने गरेको केन्द्रीय सदस्य गौतमले सुनाए ।

*(स्रोत: अनलाइनखबर)*

# खराब संगतले डुबेको हो गोविन्दाको करिअर ?



काठमाडौं/कुनै समय गोविन्दा बलिउडका 'नम्बर वान' हिरो थिए । उनलाई बक्स अफिसको 'हिट मेसिन' नै भनिन्थ्यो । आफ्नो करिअरमा एकसेएक सुपरहिट फिल्म दिएका उनलाई केही वर्षयता भने काम मिल्नै छाडेको छ । उनी फिल्ममा नदेखिएकै ६ वर्ष भइसकेको छ । फिल्म पाउन छाडेपछि अचेल उनी मेला-महोत्सवमा बढी हिँडिरहेका छन् । अहिले यही उनको आम्दानीको स्रोत बनेको छ ।

गोविन्दालाई लिएर 'शोला और शबनम' जस्ता फिल्म बनाएका निर्माता पहलाज निहलानीले हालै एक अन्तर्वार्तामा उनको करिअर डुब्नुको कारणबारे महत्वपूर्ण खुलासा गरेका छन् । उनका अनुसार खराब संगतका कारण गोविन्दाको करिअर पतन हुन पुगेको हो । पण्डित र ज्योतिषीमा बढी विश्वास गरेर त्यसअनुरुप चलेका कारण पनि उनको यो अवस्था आएको पहलाजको विश्लेषण छ ।

उनले भनेका छन्, 'गोविन्दा अलराउन्डर थिए । उनले आफ्नो करिअर निकै राम्रोसँग सम्हाले । तर, उनले आफ्नो कमजोरीका कारण मानिसहरुलाई सजिलै भरोसा गर्ने भएकाले यस्तो हुन पुगेको हो । उनको आसपासको माहोल नै राम्रो थिएन । यसैले उनी भड्किरहे । पण्डित र ज्योतिषीमा उनी बढी विश्वास गर्छन् र त्यसकै संगतमा रहन्छन् । यसले नै उनको करिअर प्रभावित बनायो ।'

कुनै समय गोविन्दा र पहलाजबीच घनिष्ट सम्बन्ध थियो । तर, अहिले बोलचाल समेत बन्द छ । यसको पछाडि निर्देशक डेविड धवनलाई मुख्य कारण मान्छन्, पहलाज । उनी भन्छन्, 'डेविडले गोविन्दसँग लगातार काम गरिरहेका थिए । उनले नै गोविन्दको दिमागमा मविरुद्ध विष भरिदिए । किनकि, उनलाई लाग्थ्यो मैले फिलमबाट धेरै कमाए । जबकि मेरै फिल्मबाट उनको नाम भयो ।'

# बलिउडमा एड सिरनको डेब्यु, शाहरुखको फिल्म 'किङ'लाई गाए गीत



मुम्बई/एडवर्ड क्रिस्टोफर सिरन । उर्फ एड सिरन । उनी एक अंग्रेजी गायक-गीतकार हुन् । उनी आफ्नो नयाँ गीत 'सफायर'लाई लिएर सामाजिक सञ्जालको ट्रेन्डिङमा छन् । यो गीतमा भारतीय गायक अरिजीत सिंहले पनि आवाज दिएका छन् । शाहरुख खानको पनि विशेष उपस्थिती छ ।

सिरनले वर्षको सुरुवातमा भारतमा भएको 'म्याथमेटिक्स टूर'को क्रममा उक्त भिडियो छायांकन गरेका थिए । यो गीत छायांकनको लागि भारतमा ३ साता बिताएको उनको भनाइ छ । जुन उनको अहिलेसम्मको सबैभन्दा लामो समय हो ।

यो गीत चर्चामा आएको केही दिनपछि सिरनले बलिउडमा आफू गायन करियर सुरु गर्न तयार भएको बताएका छन् । उनले शाहरुख खानको फिल्मको लागि हिन्दी गीतमा आफ्नो आवाज दिने बताएका छन् । सिरनले एक बीटीएस भिडियो सेयर गरेका छन् । यसमा उनी पञ्जाबी भाषामा गीत गाउँदै गायक अरिजीतसँग स्कुटर सवारीको आनन्द लिइरहेका छन् ।

उनको फ्यान क्लबले इन्स्टाग्राममा क्लिप सेयर गर्दै लेखेको छ, 'पूरा पञ्जाबी संस्करणको लागि पर्खन सकिँदैन । एडको युट्युब च्यानलमा बीटीएस भिडियो हेर्नुहोस् । एडले त्यो भिडियोमा हिन्दी बोलेका थिए, त्यसैले मलाई थाहा छैन कि गीतको दोस्रो संस्करण हिन्दीमा हुनेछ वा पञ्जाबीमा ।'

जवाफमा एडले पोस्टमा प्रतिक्रिया दिँदै भने, 'हिन्दी गीत शाहरुख खानको बलिउड फिल्मको लागि थियो । यो अरिजीतसँग 'सफायर'को पंजाबी संस्करण हो । म हाल सबै भाषाहरूमा गाउँदै छु ।'

एडले यो पुष्टि गर्ने बित्तिकै, फ्यानले उनले शाहरुखको फिल्म 'किङ'को लागि गाउन सक्छन् भनेर विश्वास गर्न सकिरहेका छैनन् । फिल्ममा उनकी छोरी सुहाना खान, दीपिका पादुकोण, रानी मुखर्जी, अभिषेक बच्चन, अनिल कपूर, ज्याकी श्राफ, जयदीप अहलावत र अर्शद वारसीले अभिनय गरेका छन् ।

'सफायर'को बीटीएस भिडियोमा गायक सिरनलाई हिन्दी स्टुडियोमा रेकर्डिङ गरेको देखियो जहाँ 'किङ' निर्देशक सिद्धार्थ आनन्द पनि उपस्थित थिए, जसले फिल्म 'किङ' मा एडको गीतको बारेमा अनुमानलाई अझ बढायो ।

# पाकिस्तान 'पूर्व प्रेमिका' जस्तै हो: अदनान सामी

मुम्बई/गायक अदनान सामीले पाकिस्तानलाई आफ्नो 'पूर्व प्रेमिका' सँग तुलना गरेका छन्। बलिउड बबललाई दिइएको एक अन्तर्वार्तामा सामीलाई उनको सङ्गीतको सट्टा उनको नागरिकताको बारेमा किन बहस हुन्छ भनेर सोधिएको थियो । जवाफमा उनले भने, 'यो एक पुरानो प्रेमिका जस्तै हो। जब एक पुरानो प्रेमिका तपाईँलाई अगाडि बढिरहेको वा अरू कसैसँग संलग्न भएको देख्छ, उसले सधैँ तपाईँलाई मन नपराउने बहाना खोज्छ।'

सामीले थपे, 'तर यसको पछाडिको वास्तविक कारण भनेको तपाईंले अझै पनि उसलाई भुल्न सक्नुभएको हुँदैन । र त्यो प्रेम हो। हो, अझै पनि प्रेम छ र कहिलेकाहीँ प्रेम अनौठो तरिकाले बाहिर आउँछ।' 'तर उनीहरूलाई त्यो परिस्थितिबारे थाहा हुँदैन जसले उनीहरूलाई त्यो निर्णयमा पुऱ्याएको हुन्छ । तपाईं तर्क गर्न सक्नुहुन्छ, 'मानिसहरू संसारभरि सधैँ बसाइँ सरिरहेका छन्, त्यसो भए उनीहरूसँग यो विवाद किन हुँदैन ?' उनले भने ।

उनले भारत र पाकिस्तान बिचको भू-राजनीतिक वातावरणको कारणले पनि यो द्वन्द्व भएको हुनसक्ने बताए । 'यो कारण हामी सबैलाई थाहा छ, तर त्यो भन्दा ठुलो कारण यो 'पूर्व(प्रेमी सिन्ड्रोम' हो,' उनले भने । अदनान सामीको जन्म इङ्गल्याण्डमा भएको थियो।



अदनानका बुबा अरशद सामी खान पाकिस्तानी थिए र उनकी आमा नूरिन खान जम्मूकी थिइन्। उनीसँग पहिले पाकिस्तानी नागरिकता थियो। गायकले डिसेम्बर २०१६ मा भारतीय नागरिकता पाए। भारतीय नागरिकताका लागि उनले १८ वर्ष कुर्नुपरेको थियो ।

पहलगाम आक्रमणपछि पाकिस्तानका पूर्व सूचना तथा प्रसारण मन्त्री फवाद चौधरीले गायक अदनान सामीको नागरिकतामाथि प्रश्न उठाएका थिए। एक्समा एक भारतीय पत्रकारले पहलगाम आक्रमणपछि केन्द्रको निर्णयको बारेमा लेखेका थिए, जसमा पाकिस्तानी नागरिकहरूलाई भारत छोड्न भनिएको छ। यस विकासमा प्रतिक्रिया दिँदै फवाद चौधरीले लेखेका थिए, 'अदनान सामीको बारेमा के हुन्छ ?'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# निर्यात साढे २ खर्ब नजिक, आयात तङ्ग्रिँदै

काठमाडौं/अघिल्लो महिना (वैशाख २०८१)मै रेकर्ड तोडेर अगाडी बढेको निर्यात व्यापार साढे २ खर्ब नजिक पुगेको छ । वैशाखसम्म २ खर्ब १८ अर्ब पुगेको निर्यात जेठ मसान्तसम्म २ खर्ब ४७ अर्ब ५७ करोड २ लाख पुगेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिना (साउन-जेठस) सम्म निर्यात गत आवको यसै अवधिको तुलनामा ७७.७७ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्ष यसै अवधिमा १ खर्ब ३९ अर्ब २६ करोड रुपैयाँ बराबरको मात्र वस्तु निर्यात भएको थियो । यसवर्ष वनस्पति तेलको निर्यातले छलाङ मार्दा त्यसले समग्र निर्यातलाई कीर्तिमानी विन्दुमा पुऱ्याएको हो । भन्सार विभागका अनुसार जेठसम्म आयात १६ खर्ब ४४ अर्ब ७९ करोड रुपैयाँ बराबर भएको छ । जुन अघिल्लो आवको यसै अवधिको तुलनामा १३.१५ प्रतिशत माथि हो । गत आवमा १४ खर्ब ५३ अर्ब ७० करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो ।

पछिल्लो एक महिनामा आयात समेत १ खर्ब ७० अर्ब रुपैयाँ हाराहारीको भएको छ । समग्र वैदेशिक व्यापार वैशाखको तुलनामा जेठमा २ खर्ब रुपैयाँ बराबरको भएको देखिन्छ । वैदेशिक व्यापारको आकार जेठमा १८ खर्ब ९२ अर्ब रुपैयाँ पुगेको छ । वैशाखमा १६ खर्ब ९२ अर्ब रुपैयाँ बराबर वैदेशिक व्यापार को आकार रहेको थियो ।

गत आवको तुलनामा भने जेठसम्म वैदेशिक व्यापारको आकार १८.८० प्रतिशतले बढेको छ । गत आवको जेठसम्म वैदेशिक व्यापारको आकार १५ खर्ब ९२ अर्ब रुपैयाँ बराबर रहेको थियो । निर्यातमा आएको छलाङले समग्र वैदेशिक व्यापारमा निर्यातको हिस्सा समेत १३.०८ प्रतिशत पुगेको छ । जुन गत आवको तुलनामा ४९.६५ प्रतिशतले धेरै हो । आयातको हिस्सा ८६.९२ प्रतिशतमा झरेको छ । जुन अघिल्लो आवको तुलनामा ४.७६ प्रतिशतले खुम्चिएको अवस्था हो ।

निर्यात बढ्दा व्यापार घाटा भने ६ प्रतिशतले मात्र विस्तार भएको देखिन्छ । भन्सार विभागका अनुसार जेठसम्म १३ खर्ब ९७ अर्ब रुपैयाँको व्यापार घाटा देखिन्छ । अघिल्लो आवको यसै अवधिमा व्यापार घाटा १३ खर्ब १४ अर्ब रुपैयाँ बराबर रहेको थियो । आयात/निर्यात अनुपात ६.६४ रहेको छ । जुन अघिल्लो आवको तुलनामा ३६.३५ प्रतिशतले कम भएको हो ।

**पेट्रोलियम पदार्थ खरिदमा बाहिरियो झण्डै ३ खर्ब**

नेपालले ११ महिनाको अवधिमा २ खर्ब ९४ अर्ब रुपैयाँ बराबर रकमको इन्धन खरिद गरेको छ । जसमा पेट्रेल, डिजेल, खाना पकाउने ग्यास, हवाई इन्धन र मट्टितेल समेत पर्छ । यो अवधिमा वनस्पति तेल र यसको कच्चा पदार्थ समेतको १ खर्ब ३८ अर्ब ५४ करोड रुपैयाँ बराबरको भएको छ ।

यस्ता वस्तुको निर्यात १ खर्ब ७ अर्ब रुपैयाँ बराबरको भएको छ । जसले गर्दा निर्यात बढाउन भूमिका खेलेको हो । १ खर्ब २७ अर्ब ७९ करोड रुपैयाँ बराबरको आइरन र स्टील आयात भएको छ । साढे १३ अर्ब रुपैयाँ बराबरको यस्तो वस्तु निर्यात भएको छ ।

**१ खर्ब माथिको सवारी साधन आयात**

११ महिनाको अवधिमा सवारी साधन आयात १ खर्ब माथिको भएको छ । भन्सार विभागका अनुसार जेठसम्म १ खर्ब १ अर्ब ६२ करोड ९६ लाख रुपैयाँ बराबरको सवारी साधन आयात भएको देखिन्छ । यसमा विद्युतीय सवारी साधन आयातमा छलाङ देखिएको छ । इलेक्ट्रिकल मेसिनरी वस्तुहरुको आयात समेत १ खर्ब माथि भएको छ । विज्ञहरुका अनुसार सवारी साधन, फलाम तथा आइरन र मेसिनरी आयात वृद्धिले आन्तरिक अर्थतन्त्र समेत चलायमान बनेको संकेत गर्छ ।

**यी हुन् बढी आयात भएका वस्तु**

वस्तुगत रुपमा हेर्दा ११ महिनामा सबैभन्दा धेरै मूल्यको डिजेल आयात भएको छ । डिजेल आयातमा १ खर्ब १५ अर्ब ५५ करोड रुपैयाँ विदेशिएको देखिएको छ । दोस्रो नम्बरमा कच्चा सोयाविन तेल रहेको छ । यसको आयातमा ९५ अर्ब ७२ करोड विदेशिएको छ ।

तेस्रो नम्बरमा पेट्रोल आयात भएको छ । जसका लागि ५८ अर्ब ५८ करोड रुपैयाँ विदेशिएको छ । एलपीजी ग्यास ५७ अर्ब ३६ करोड रुपैयाँ बराबरको आएको छ । ३२ अर्ब ८ करोड रुपैयाँ बराबरको स्मार्टफोन भित्रिएको छ । कच्चा सूर्यमुखी फूल तेलको आयात २६ अर्ब ८७ करोड रुपैयाँ बराबरको भएको छ । सुन १७ अर्ब १२ करोड बराबरको भएको छ ।

**निर्यात बढी हुने वस्तु कुन-कुन हुन् ?**

यस वर्ष ११ महिनामा सोयाविन तेलको निर्यात सबैभन्दा धेरै ९३ अर्ब ५१ करोड रुपैयाँ बराबरको भएको छ । सूर्यमुखी फुल तेलको निर्यात ११ अर्ब ३३ करोडको भएको छ । तेस्रो स्थानमा कार्पेट रहेको छ । जुन ९ अर्ब ७८ करोड बराबरको भएको छ । अलैची निर्यात ७ अर्ब १९ करोड रुपैयाँ बराबर भएको छ । रोल्ड आइरन/स्टीलको निर्यात ५ अर्ब १३ करोड रुपैयाँको भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

*चालकको लापरबाहीले भण्डारा दुर्घटना भयोः ट्राफिक प्रहरी*

# बच्चा जन्माउन हिंडेकी गर्भवतीको ज्यान गयो



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडाकी गर्भवती २७ वर्षीया रेनुका कँडेललाई चिकित्सकले आइतवार बच्चा जन्माउने मिति दिएको थियो ।

यसैले शनिबार सासु मैयाकुमारी र श्रीमान सरोज पहाडीसहित ईभी माइक्रोमा भरतपुर अस्पताल जाँदै थिइन् । आफ्नो दोस्रो सन्तान जन्माउने उनको धोको पूरा हुन सकेन । पहिलो सन्तान छोरीलाई ससुराको साथमा छाडेर उनी सासु र श्रीमानका साथ चितवन हिँडेकी थिइन् । रेनुका हेटौंडामै स्वास्थ्य जाँच गराउँदै आएकी थिइन् । सन्तान जन्माउने समय आएकाले उनी परिवारसहित भरतपुर हिँडेकी हुन् ।

उनीहरु चितवन जिल्ला टेके तर, भरतपुर अस्पताल पुग्न झण्डै २० किलोमिटर बाँकी छँदै भण्डारामा बससँग उनीहरु चढेको माइक्रो ठक्कर खाँदा गर्भको शिशुसहित तीनैजना सदाका लागि अस्ताए । उनीहरु तीनै जनाको दुर्घटनामा ज्यान गएको उनका आफन्त नवराज पहाडीले जानकारी दिए । शनिवार विहान १०:१५ बजेको समयमा भएको दुर्घटनामा उनीहरुसहित ७ जनाले ज्यान गुमाएका छन् ।

धनगढीबाट काँकडभिट्टा तर्फ जाँदै गरेको प्र.१-००१ ख ३५८३ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको प्र.३-००१ ज २९९ नम्बरको ईभी माइक्रो एकआपसमा ठोक्किँदा दुर्घटना भएको थियो । दुर्घटनामा २४ जना घाइते भएका छन् । राप्ती नगरपालिका-४ खहरेपुलस्थित डडुवामा गाडी ठक्कर खाँदा दुर्घटना भएको हो । चितवनका प्रहरी नायवउपरीक्षक र विन्द्र खनालका अनुसार मृत्यु हुनेमा हेटौंडा-१६ बस्ने वर्ष ५५ को सोमप्रसाद रुपाखेती, हेटौंडा-५ बस्ने वर्ष ५३ का मैंयाकुमारी न्यौपाने पहाडी उनका छोरा र गर्भवती बुहारी छन् ।

घाइते हुनेहरुमा हेटौंडा उपमहानगरपालिका-३ बस्ने वर्ष १६ को सक्षम थापा, हेटौंडा-१२ बस्ने वर्ष ३२ को सिंहबीर घलान, हेटौंडा-४ बस्ने वर्ष ३१ को विष्णु लम्साल, हेटौंडा-८ बस्ने वर्ष ३४ की गंगा घलान छन् । यस्तै, झापा गौरादह-९ बस्ने वर्ष ६५ कि सुशीला बराल, वर्ष ६७ को उमा बराल, कञ्चनपुर बेलौरी नगरपालिका-४ बस्ने वर्ष ४८ को वीरबहादुर जैसी, रुकुमपश्चिम आठबिस्कोट नगर पालिका-९ बस्ने वर्ष ३० को सन्देश ओली छन् । दुर्घटनामा परी घाइते भएका १८ जनाको अहिले चितवनका विभिन्न अस्पतालमा उपचार भइरेहको छ ।

ट्राफिक प्रहरी कार्यालय चितवनका घनश्याम चौधरीका अनुसार घटनास्थलको प्रारम्भिक अध्ययनमा चालकको लापरबाहीले दुर्घटना भएको देखिन्छ । विपरित साइडबाट आइरहेको गाडी द्रुतगतिमा ओभरटेक गर्न खोज्ने बसका चालकले आफ्नो बसलाई नियन्त्रण गर्नुपर्नेमा यो गाडी पनि द्रुत हुनु समस्या भएको उनले बताए ।

# उपमेयर कप डबल ब्याडमिन्टन प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/थाहा आन्दोलनका प्रेणता रुपचन्द्र विष्टको स्मृतिमा थाहा नगरपालिकामा छैठौं संस्करणको थाहा नगरस्तरीय उपमेयर कप डबल ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ ।

थाहा नगरपालिका वडा नं. ४ स्थित क्याम्पाडाँडा ब्याडमिन्टन कभर्डहलमा प्रतियोगिताको उद्घाटन थाहाका नगरप्रमुख बिष्णु बिष्टले गरेका हुन् । थाहा नगरपालिकाको आयोजना तथा थाहा नगर ब्याडमिन्टन संघको व्यवस्थापनमा भइरहेको प्रतियोगितामा १४ टिमको सहभागिता रहेको प्रतियोगिता संयोजक शुसान्त श्रेष्ठ च्याङले जानकारी दिए । तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा थाहा नगरभित्र कार्यरत कर्मचारीले पनि सहभागी हुन पाउनेछन् ।

प्रतियोगितामा विजेता टिमले २० हजार, दोस्रोले १२ हजार, तेस्रोले ६ हजार ५ सय, र उत्कृष्ट खेलाडीले ५ हजार रुपैयाँ नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । समाजका युवालाई खेलमार्फत जागरुक बनाउँदै सामाजिक समृद्धि र विकासमा योगदान दिने उद्देश्य रहेको आयोजकको भनाइ छ । प्रतियोगितामा शिखर क्लब र फरक सोच सहयोगी संस्थाको रुपमा रहेका छन् भने पालिका प्रेस, थाहापाटी, लालखबर, थाहा टाइम्स, टिमटिभी, बाइरोड र रेडियो दामन मिडिया पार्टनर रहेका छन् ।

# नौलोविहानी कृषि सहकारीद्वारा टनेल तथा अदुवाको बीउ वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडा-६ चौघडामा रहेको नौलोविहनी कृषि सहकारी संस्थाले आफ्ना शेयरसदस्य तथा अन्य कृषकलाई टनेल तथा अदुवाको बीउ वितरण गरेको छ ।

हेटौडा उपमहानगर पालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा संस्थाले टनेल तथा अदुवाको बीउ वितरण गरेको हो । शनिवार हेटौडा उपमहानगरप्रमुख मीना लामाले कृषकलाई अदुवाको बीउ वितरण गरिन् । उपमहानगरले नगरवासीको आर्थिक विकासमा काम गरेको वताउदै नगरप्रमुख लामाले आगामी वर्षको वजेटमा आर्थिक उपार्जनमा वजेटको ब्यवस्था गरिने बताइन् । सहकारीका अध्यक्ष विष्णुप्रसाद ढुंगानाको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, बागमती प्रदेश कृषि मन्त्रालयका धीरज ढकाल, हेटौंडा उपमहानगर कृषि विकास महाशाखाका प्राविधिक गणेश खड्का, कृषि प्राविधिक चन्दा पोखरेल, चौघडा सहकारीका उपाध्यक्ष त्रिविक्रम मानन्धर, रानी सामुदायिक वनका कोषाध्यक्ष गोमा लामिछाने, बंशगोपाल बहुमुखी क्याम्पसका सञ्चालक सदस्य विश्वराज राई, उपाध्यक्ष जयराम राई, सचिव नेत्रप्रसाद ढुङ्गेल, शेयरसदस्य, सञ्चारकर्मीलगायतको सहभागीता थियो । संस्थाले ५ जना शेयर सदस्यलाई टनेल तथा करिव २ सय जना सदस्यलाई ५० क्वीन्टल अदुवाको वीउ वितरण गरिएको ब्यवस्थापक सरिता खतिवडाले बताइन् ।

# एमाले नेताहरु दुईहप्ता जनताका घरमा बस्ने

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/नेकपा एमाले बागमती प्रदेशले जनताको घरदैलो अभियान चलाउने निर्णय गरेको छ । प्रदेश कमिटीको चौथो पूर्णबैठकले प्रदेश, जिल्ला र पालिका तहका नेताका निम्ति जनताको घरदैलो अभियान चलाउने निर्णय गरेको हो ।

'हरेक तीन महिनामा दुई हप्ता जनतासँगै बिताउने निर्णय गरेका छौं,' प्रदेश उपसचिव भक्तकुमारी लामाले भनिन्, 'प्रदेश कमिटीका नेता, जिल्ला नेता र पालिका पदाधिकारीले अनिवार्य रुपले यो निर्णय मान्नुपर्नेछ ।' अभियानका क्रममा जनताका समस्या बुझ्ने, उनीहरुको सुझाव सुन्ने र समस्या समाधानको पहल गरिने लामाले बताइन् । 'जनताको सुखदु:ख के रहेछ ? भन्ने बुझ्न त उनीहरुसँगै बस्नुपर्छ, हिँड्नुपर्छ, उनीहरुका कुरा सुन्नुपर्छ,' उनी भन्छिन्, 'एमालेलाई जनतासँग जोड्ने यही विधि हो, जुन हामीले अगाडि बढाएका छौं ।'

नेताहरुले यो अभियानका क्रममा रोजेकै क्षेत्रमा जान पाउनेछन् । 'हरेक तीन महिनामा दुई हप्ता जनताको घरदैलो अभियानमा जानैपर्छ तर, रोजेको क्षेत्रमा जान पाइन्छ', उनले भनिन् । बैठकले समसामयिक ९ बुँदे प्रस्ताव पनि पारित गरेको छ ।

# हराउँदै दाहा दर्शनका प्रणेता स्व. बिष्टको सम्झना

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/थाहा दर्शनका प्रणेता रुपचन्द्र विष्ट 'रुदाने'को २६ औं स्मृति दिवस विविध कार्यक्रम आयोजना गरी मनाइएको छ ।

हेटौंडामा रुपचन्द्र विष्ट स्मारक समिति र नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रममा विद्यार्थीलाई रुपचन्द्र/थाहा/जनमुखी अभियानबारे प्रशिक्षण दिइएको छ । मान्छेमा चेतना जगाउने अभियानका संस्थापक अभियन्ता विष्टको स्मृतिमा स्मारक समितिले वार्षिक कार्यक्रम गर्दै आएको छ । रुदाने, जसरु, रापसरु, स्वरुपेजस्ता उपनामले परिचित विष्टले विसं २०२८ सालमा मकवानपुरको उत्तरीक्षेत्रमा शिक्षा आन्दोलन चलाएका थिए । 'छोरा पढाउने, छोरी नपढाउने मुर्दावाद- छोराछोरी दुवै पढाउने जिन्दावाद' जस्ता नाराकासाथ विष्टले चलाएको आन्दोलनले समाजमा परिवर्तन ल्याउन सहयोग गरेको थियो ।

राष्ट्रिय पञ्चायतका सदस्य बनेका उनी किसान र मजदुरको पक्षमा राजनीति गर्ने नेताकारुपमा परिचित थिए । जनमुखी राजनीति गरेर पटकपटक जेल जीवन बिताएका रुदानेले अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीसँगै जेलजीवन बिताएका थिए । केटाकेटी बिग्रे बाबुआमा दोषी, जनता बिग्रे सरकार दोषी, सरकार बिग्रे व्यवस्था दोषी, व्यवस्था बिग्रे अगुवा, पछुवा सारा दोषी भन्ने उनका वाणी अहिले पनि उत्तिकै चर्चित छन् ।

यसले अचेलको राजनीति र नयाँ पुस्तालाई सोचमग्न बनाएको छ । रुपचन्द्र विष्टले समाज, राज्य व्यवस्था र राजनीतिलाई नैतिक मापदण्डकारुपमा हेर्ने गरेको शिक्षक मासिक पत्रिकाका सम्पादक राजेन्द्र दाहालको बुझाइ छ । राष्ट्रिय पञ्चायतका सदस्य रहेपनि उनी सधैं जनताका अवाज बोल्ने असाधारण व्यक्तित्व भएको दाहालले बताए । शासकका मात्रै कुरा नभएर समाजमै व्याप्त पाखण्डपनको आलोचना गर्दै व्यंग्य गर्ने गरेको उनले सुनाए ।

दाहालले भने, 'उहाँले राष्ट्रिय पञ्चायतमा खेलेको भूमिका र मकवानपुरमा गरेको प्रस्तुति विशिष्ट किसिमको शैली भएका इमान्दार सपुतको रुपमा सम्झन्छु ।' विसं १९९० पुस २६ गते मकवानपुरको दामन घर्तीखोलामा जन्मिएका विष्टको २०५६ साल असार ७ गते काठमाडौंमा निधन भएको थियो ।

# मिजार समाज मकवानपुरको अधिवेशन तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ 'देशभरिका मिजारहरु एक हौं, प्रगति र सृजनाका लागि दृढ हौं' भन्ने मूलनाराकासाथ मिजार समाज नेपाल मकवानपुरले जिल्ला अधिवेशनको तयारी थालेको छ ।

हेटौंडा-१, राप्तीरोड स्थित सृजना कला केन्द्रमा पत्रकार सम्मेलन गरी अधिवेशनको तयारीबारे जानकारी गराइएको हो । कार्यक्रममा अधिवेशन तयारी समिति संयोजक बलराम मंग्रातीले मिजार जाति नेपालमा दलित समुदायअन्तर्गत पर्ने जाति रहेको जानकारी गराउँदै पछिल्लो जनगणना अनुसार देशभर ४ लाख ५२ हजार २२९ मिजार समुदाय रहेको बताए । नेपालमा यो समुदाय जनसंख्याको करिब १.५ प्रतिशत हिस्सा ओगटेको छ । संयोजक मंग्रातीका अनुसार मिजार समाज मकवानपुर संगठित गर्नुको उद्देश्य जातीय एकता, पारस्परिक भाइचाराको सम्बन्ध सुदृढ गर्नु, संस्कार, संस्कृतिको संरक्षण गर्नु, रीतिरिवाज, बंशावली जस्ता मौलिक पक्षलाई उजागर गर्नु रहेको छ ।

उनले मिजार जातिको परम्परागत पेसा जुत्ता बनाउने र निर्माण कार्यलाई आधुनिक प्रविधिसँग समायोजन गरी आगामी पुस्तालाई सीपमूलक बनाउँदै आत्मनिर्भरतातर्फ उन्मुख गराउने आवश्यकता औंल्याए । मिजार समाज मकवानपुरको जिल्ला अधिवेशन आगामी २०८२ साल भदौ २१ गते हेटौंडामा हुने तय भएको छ । अधिवेशन सफल बनाउन बलराम मिजारको संयोजकत्व तथा सुरेश मिजारको सहसंयोजकत्वमा १५ सदस्यीय जिल्ला अधिवेशन तयारी समिति गठन गरिएको जानकारी पत्रकार सम्मेलनमार्फत दिइएको छ ।


## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

**डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्न सक्छ ।**

**अन्य लक्षणहरू:**

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरु दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



**बच्ने उपायहरु:**

- डेगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्धि रोक्नु पर्दछ,
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु ,गाडीमा काम नलाग्ने टायरहरु आदिमा पानी जम्न नदिने ,
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने,
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने,
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने,
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुदाँ दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने ,
- दिउसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने,
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुट्टी पुर्ने ,
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने ,

हेटौंडा उपमहानगरपालिका
**११ नं. वडा कार्यालय**
नवलपुर, मकवानपुर


# हेटौंडामा सीप महोत्सव आयोजना हुने



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/सीप विकाससँग सम्बन्धित विभिन्न आयामको बारेमा उजागर गर्ने अभिप्रायका साथ बागमती प्रदेशको राजधानी हेटौंडामा दुईदिने सीप महोत्सव आयोजना हुने भएको छ ।

बागमती प्रदेश उद्योग परिषद् र सामाजिक विकास मन्त्रालयको संयुक्त आयोजनामा असार १२ र १३ गते सीप महोत्सव २०८२ आयोजना हुन लागेको हो । शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै कार्यक्रमका बारेमा जानकारी गराइएको छ । दक्ष जनशक्ति उत्पादन, उत्पादित जनशक्तिलाई रोजगारको अवसर सुनिश्चितताका साथै स्वदेशमै रोजगारीको अवसर छ भन्ने सन्देश प्रवाह गर्ने लक्ष्य लिई सीप महोत्सवको आयोजना गर्न लागिएको बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेलले जानकारी दिएका छन् ।

महोत्सवमा बागमती प्रदेशस्तरीय सीप प्रतियोगिता, साइकोमेट्रिक परीक्षण, विद्यार्थी तथा युवालाई अभिमुखीकरण, सीप सिकाई र प्रदर्शनका साथै विद्यार्थीलाई उद्योग भ्रमण गराउने कार्यक्रम समावेश गरिएको अध्यक्ष पोखरेलले बताए । महोत्सवले सीप, दक्षता, अनुभव आदानप्रदान गर्दै उद्योग र प्राविधिक शिक्षाको सशक्तिकरणमा जोड दिने उनले बताए । निजीक्षेत्र, सरकार, प्राविधिक शिक्षालय र उद्योगबीचको सहकार्यको रुपमा महोत्सवलाई लिइएको छ ।

मकवानपुर, चितवन, काठमाडौं, काभ्रेपलाञ्चोकका १८ वटा अप्रेन्टिसीप कार्यक्रम सञ्चालन भएका शिक्षालयमध्ये सूचनाप्रविधि, अटोमोवाइल र होटल व्यवस्थापन अध्यापन हुने ९ वटा शिक्षालयबाट छनोट गरी प्रदेशस्तरीय सीप महोत्सवमा सहभागी गराइनेछ । प्रत्येक शिक्षालयबाट प्रथम र द्वितीय हुने विजेतालाई सम्बन्धित शिक्षालयबाट प्रशंसापत्र प्रदान गरिने बताइएको छ । महोत्सवको मुख्य आकर्षणको रुपमा पूर्वबाल विकास सहजकर्ता र इलेक्ट्रिकल विधामा लाइभ तालिमका साथै एक हजारभन्दा बढी विद्यार्थी तथा युवाका लागि साइकोमेट्रिक परीक्षण लगायत कार्यक्रम रहेका छन् । महोत्सवमा तीन हजारदेखि पाँच हजारसम्मले अवलोकन गर्ने अनुमान गरिएको छ ।

# योगले आत्मानुशासन र सहअस्तित्वको बाटो सिकाउँछः प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपक प्रसाद देवकोटाले योगले आत्मानुशासन र सहअस्तित्वको बाटो सिकाउने बताएका छन् ।

अन्तर्राष्ट्रिय योग दिवस २०२५ (जुन २१) को अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै उनले आजको व्यस्त जीवनशैलीमा मानिस तनाव, चिन्ता र रोगले ग्रस्त भइरहेको अवस्थामा योग नै शान्त, निरोगी र सुदृढ बनाउने अमूल्य साधन भएको बताए । योग केवल व्यायाम नभई एक समग्र जीवनदर्शन भएको उनको भनाई छ । उनको सन्देशमा भनिएको छ, 'पूर्वीय सभ्यताले व्यक्तिको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक र संवेगात्मक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न योगाभ्यासलाई आत्मसात गऱ्यो ।

योगको चमत्कारिक प्रभावलाई पश्चिमीजगत् लगायत समग्र विश्वले अवलम्बन गरेको उनले उल्लेख गरेका छन् । प्रदेश प्रमुख देवकोटाले केही समय दैनिक योगाभ्यासमा समर्पित हुन पनि शुभकामना सन्देशमार्फत् आह्वान गरेका छन् । प्रदेशप्रमुख देवकोटाले योगलाई नेपालको गौरवपूर्ण सभ्यता र सनातनपरम्पराले दिएको अनुपम उपहारको रुपमा चित्रण गरेका छन् । उनले आज योग विश्वभर स्वीकारिएको जीवनपद्धति बनेको र हरेकवर्ष जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाइनु यसैको सम्मान भएको बताए ।


## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

*प्रथम पटक प्रकाशित मिति २०८२/०३/०७*

यस विद्यालयले मिति २०८२/०२/२३ गते स्थानीय 'क' वर्गको राष्ट्रिय दैनिक पत्रिका *साझाकुरा राष्ट्रिय दैनिक* मा आह्वान गरिएको क्याटलग सपिङ विधिको माध्यमबाट विद्युतीय सवारी साधन १५ सिटे बस खरिद सम्बन्धीको सूचना अनुसार तपशिल बमोजिमको २ वटा आर्थिक प्रस्ताव अन्तर्गत निम्न बमोजिमको फर्म/कम्पनीबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी देखिन आएकोले बोलपत्र स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन बमोजिम उक्त फर्म/कम्पनीले आवश्यक कार्य गर्नको लागि ३ दिने सूचना जानकारीको लागि प्रकाशित गरिएको छ । थप जानकारी आवश्यक परेमा विद्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल:**

| क्र.सं. | सामनको विवरण | कम्पनी/फर्मको नाम | रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| 1 | Four Wheel Electric Passenger Vehicle | E.V. Car & Moters Hub Pvt.Ltd., Hetauda | 49,99,000/- | १ थान |

**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**
हे.उ.म.न.पा.-३, लेवट मकवानपुर
सम्पर्क नं.: ९८५५०७०९४४(प्र.अ.), ९८५५०७४३१५ (अध्यक्ष)



## अनलाइन ठगीबाट बचौं र बचाऔं

**अनलाइन ठगहरूले:**

- तपाईंले चिट्ठा जित्नुभयो,
- तपाईंको बैंक खाता बन्द हुँदैछ, तुरुन्त OTP पठाउनुहोस्,
- यो लिङ्क क्लिक गर्नुस्, ठूलो इनाम पाउनुहुनेछ,
- म विदेशबाट पैसा पठाउँदै छु, तपाईंको खाता पठाउनुहोस् जस्ता अनेकौं प्रलोभन दिन सक्छन् ।

**त्यसबाट बच्न:**

- OTP, पासवर्ड वा बैंक विवरण कसैलाई नदिऔं,
- अपरिचित लिङ्क वा एप डाउनलोड नगरौं,
- कुनैपनि प्रकारका प्रस्तावमा नलोभिऔं,
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिलाई व्यक्तिगत जानकारी नदिऔं,
- ठगी भएको वा हुन लागेको शंका लागेमा तुरुन्तै नजिकको प्रहरीलाई खबर गरौं ।

*"सावधानी अपनाऔं, अनलाइन ठगीबाट बचौं"*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना